CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDR

आधुनिक नेपाली

राष्ट्रिय मुद्रा

(२०४०-२०५५)

- कमलप्रसाद ढवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI
ग्र.शा. ६५४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

आधुनिक नेपाली राष्ट्रिय मुद्रा

(२०४०-२०५५)

लेखक : कमलप्रसाद ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधुनिक नेपाली राष्ट्रिय मुद्रा

प्रकाशक– गोमा ज्ञवाली

काठमाडौं महानगरपालिका वडा नं. ७

कुमारीगाल, फोनः नं. ४८६२१४६

संस्करण– प्रथम २०५६

प्रति– १००० थान

सर्वाधिकार– लेखकमा सुरक्षित

आवरण– बुद्धकुमार श्रेष्ठ

कम्प्यूटर– नेप्यूटर डेस्कटप सर्भिस, बागबजार

मुद्रक – प्रचण्ड महालक्ष्मी प्रेस, काठमाडौं

मूल्यः

संस्थागत रु. १५०।-

साधारण रु. ५०।-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

गभर्नर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
काठमाडौं, नेपाल ।

मन्तव्य

श्री कमलप्रसाद ज्ञवालीले लेख्नुभएको "आधुनिक नेपाली राष्ट्रिय मुद्रा" नामक पुस्तक आद्योपान्त पढें र उपयोगी पाएँ ।

कुनै पनि मुलुकले प्रचलनमा ल्याएका मुद्राहरुले त्यस देशको सांस्कृतिक, धार्मिक, प्राकृतिक तथा ऐतिहासिक परम्पराको पहिचान गराउन ठूलो मद्दत गरेको हुन्छ । यसैअनुरुप आ-आफ्नो विशिष्ठपनलाई अक्षुण्ण राख्न विश्वका मुलुकहरुले समय समयमा विशेष प्रकारका मुद्राहरु प्रचलनमा ल्याउने गरेका छन् । प्राचीन इतिहास वहन गरेको हाम्रो मुलुकले पनि यस क्षेत्रमा आफ्नै ढंगको विशिष्ठ परम्परालाई कायम राख्दै विभिन्न प्रकारका मुद्राहरु प्रचलनमा ल्याउँदै आएको छ । यस प्रसंगमा हाम्रो ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदालगायत महत्वपूर्ण अन्तर्राष्ट्रिय घटनाक्रम झल्काउने खालका असर्फी, स्मारिका तथा चलनचल्तीका सिक्काहरु समय समयमा प्रचलनमा ल्याइएको तथ्य उल्लेख्य छ ।

प्रस्तुत पुस्तक यसैको सेरोफेरोमा केन्द्रित हुनाका साथै मुद्राको उत्पत्ति तथा नेपाली मुद्राको विकासक्रमको ऐतिहासिक विवेचनासमेत गरिएकोले पुस्तक एक गहकिलो अभिलेख हुन पुगेको छ । लेखकको यस प्रयासको म प्रशंसा गर्दछु र भविष्यमा अझै गहकिला प्रयासहरु लेखकबाट हुँदै जाने अपेक्षा राख्दछु ।

(सत्येन्द्रप्यारा श्रेष्ठ)

वैशाख २०५६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुई शब्द

राष्ट्रको इतिहास, संस्कृति र आर्थिक जीवन पद्धति दर्शाउने वस्तुहरुमा 'मुद्रा' (सिक्का)को विशेष स्थान रहेको हुन्छ । आकार प्रकारमा एउटा सानो मुद्रा नै किन नहोस् तर त्यस मुद्राको पनि उत्तिकै महत्वपूर्ण भूमिका हुन्छ । विलुप्त भइरहेका प्राचीन सभ्यता र संस्कृतिको अध्ययन/अन्वेषणका लागि त पुरातत्वको क्षेत्रमा मुद्रा प्रमुख अङ्गको रुपमा रहेको हुन्छ र आजको वर्तमान युगमा कुनै उल्लेखनीय पर्व, उत्सव, समारोह र कुनै विशेष अवसरको उपलक्ष्यमा टक्मरी गरी प्रकाशमा ल्याइने अथवा कुनै महत्वपूर्ण विषयवस्तुलाई ध्यानाकर्षण गर्न प्रकाशमा ल्याउने स्तरीय मुद्राले अन्तर्राष्ट्रिय क्षेत्रमा समेत गरिमामय प्रभाव पार्दछ ।

यसै परिप्रेक्ष्यमा मुद्रा विषयक क्रमवद्ध इतिहास र यसको विकासक्रम दर्शाउने मुद्रा साहित्यको पनि उत्तिकै ठूलो आवश्यकता भएको हुन्छ । हुनतः नेपाली मुद्राका बारेमा विदेशी र स्वदेशी मुद्रा विशेषज्ञहरुले लेखेका पुस्तकहरु पनि समय समयमा निस्किरहेका हामी पाउँछौं । तर ती पुस्तकहरुले इसाको पाँचौं शताब्दीका राजा मानदेवका 'मानाङ्क' मुद्राबाट प्रारम्भ भएको नेपाली मुद्राको क्रमवद्ध इतिहास र विकासक्रममा नेपाली मुद्राको आधुनिक विकासक्रमको अध्याय थपेको देखा पर्दैन । विशेष गरेर नेपाली राष्ट्रिय मुद्राको आधुनिक विकासक्रममा यता डेढ दशकभित्र (अर्थात् श्री ५ को सरकारले नेपाल राष्ट्र बैंकलाई टक्सार विभाग हस्तान्तरण गरेपछि) चलन चल्तीका मुद्राहरु (Regular Coins) र स्मारिका मुद्राहरु (Commemorative Coins) स्वदेशकै टक्सारबाट तथा विदेशका टक्सारबाट पनि थुप्रै टकमरी भएका छन् । आज यी मुद्राहरुको बारेमा आधिकारिक ज्ञातव्य कुराहरु र प्राविधिक तथ्याङ्कहरु बताउने एउटा स्तरीय मुद्रा-सूचीको नितान्त खाँचो भइरहेकोमा यो "आधुनिक नेपाली राष्ट्रिय मुद्रा (२०४०-२०५५)" देखा पर्नु भनेको मुद्रा जगत्कै निमित्त एउटा उल्लेखनीय उपलब्धि भएको छ ।

यस पुस्तकका विद्वान लेखन कमलप्रसाद ज्ञवालीज्यूले गर्नुभएको अथक प्रयास अतीव स्तुत्य छ । अन्ततः यस पुस्तकले नेपाल राष्ट्रकै गौरव बढाउने छ भन्ने कुरामा म विश्वस्त भएको छु ।

– सत्यमोहन जोशी

बखुंबाहाल, ललितपुर
२०५६ बैशाख ८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

आफ्नै भनाइ

नेपालको धार्मिक, सांस्कृतिक र ऐतिहासिक स्वरुपलाई विश्व समक्ष चिन्हाउने विभिन्न माध्यमहरुमध्ये मुद्रा पनि एक हो। नेपाली मुद्राको प्रचलन कहिले र कसबाट भयो, कुन किसिमका मुद्राहरु प्रचलनमा आए भन्ने जिज्ञासा हरेक अनुसन्धानकर्ता, मुद्रा संग्रहकर्ता, एवं सर्वसाधारणलाई हुनु स्वाभाविकै हो।

यही जिज्ञासा पूरा गर्नको लागि मुद्रा विशेषज्ञ श्री सत्यमोहन जोशीज्यूद्वारा लिखित "नेपाली राष्ट्रिय मुद्रा" नामक पुस्तक प्रकाशित भएको थियो। जसमा विक्रम सम्वत् २०४१ सालसम्मका मुद्राहरुको जानकारी पाउन सकिन्छ। २०४१ सालपश्चात् निष्कासन भएका मुद्राहरुको विषयमा जानकारी दिने माध्यमको रुपमा कुनै पुस्तक पाठक समक्ष नआएको र सोको आवश्यकता महसूस भइरहेको सन्दर्भमा पुस्तक प्रकाशित गर्ने जिज्ञासा जाग्यो, फलस्वरुप यो पुस्तक पाठकहरु समक्ष प्रस्तुत गरेको छु।

यस पुस्तकमा मैले श्री ५ को सरकारअन्तर्गत रहेको टक्सार विभाग २०४० सालमा नेपाल राष्ट्र बैंकलाई हस्तान्तरण गरेपश्चात् निष्कासनमा आएका मुद्राहरुको बारेमा जानकारी दिने जमर्को गरेको छु।

नेपाल राष्ट्र बैंकले टक्सार विभागको व्यवस्थापन सम्हालेपछि मुद्रा निष्कासन प्रणालीमा केही नीति नियम बनाई सोहीबमोजिम मुद्रा निष्कासन गर्ने गरेको छ। जस्तै यसअघि निष्कासन गरिने स्मारिका मुद्राहरु अधिकांश रुपमा टक्सार विभागमा टकमरी गरी नेपाल अधिराज्यमा नै बिक्री वितरण गरिन्थ्यो भने २०४० सालपश्चात् मुद्राको माध्यमबाट नेपाललाई अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित गराउने उद्देश्यअनुरुप विदेशस्थित ख्यातीप्राप्त टक्सारहरुबाट समेत स्मारिका मुद्रा टकमरी गराई अन्तर्राष्ट्रिय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बजारमा बिक्री वितरण गर्नुका साथै नेपालमा पनि बिक्री वितरण गर्ने गरिएको छ। २०४० सालपछि निष्कासन गरिएका मुद्राहरुमा मुख्यतया राष्ट्रिय/अन्तर्राष्ट्रिय घटनाहरु, देशको धर्म, संस्कृति, राजनीति, वन्यजन्तु र खेलकूद आदि विषयलाई अंकित गरिएका छन्।

यस पुस्तकमा २०४० सालदेखि २०५५ सालसम्म प्रचलनमा आएका विविध मुद्राहरुको विषयमा सामान्य जानकारी दिनुका साथै निष्कासित मुद्राहरुको डिजाइन तथा मुद्रामा प्रयोग भएको धातु, मुद्राको तौल आदि समावेश गरी प्रकाशित गरिएको हुँदा मुद्रासम्बन्धी जानकारी लिन चाहने महानुभावलाई यो पुस्तक उपयोगी हुने विश्वास लिएको छु।

अन्त्यमा; यस पुस्तकमा आफ्नो मन्तव्य दिनु भई पुस्तकको महिमा बढाउन सहयोग गर्नु भएकोमा गभर्नर श्री सत्येन्द्रप्यारा श्रेष्ठज्यू र मुद्रा विशेषज्ञ श्री सत्यमोहन जोशीज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु। यसैगरी पुस्तक प्रकाशन गर्न प्रेरणा दिनु भएकोमा टक्सार विभागका मुख्य अधिकृत श्री दामोदरप्रसाद शर्मा, निर्देशक श्री चन्द्रशेखर अधिकारी, श्री होमनाथ ज्ञवाली, पुस्तक प्रकाशन गर्न सहयोग पुऱ्याउनु हुने श्री ठाकुर शर्मा र कम्प्यूटर टाइपिङ्गमा सहयोग गर्नु हुने श्री शिवकृष्ण महर्जन र श्री ईश्वरी ज्ञवालीप्रति पनि आभार व्यक्त गर्दछु।

- कमलप्रसाद ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

विषयसूची

सि.नं	विषय	पेज नं.
१.	मुद्राको उत्पत्ति	१
२.	सिक्का निष्काशन प्रक्रिया	९
३.	महालेखा परीक्षकको रजतजयन्ती	१०
४.	नेपाल परिवार नियोजन संघको रजत जयन्ती	११
५.	राष्ट्रिय जनसंख्या वर्ष २०४१	१२
६.	अन्तर्राष्ट्रिय युवा वर्ष	१३
७.	सामाजिक सेवा दिवस	१४
८.	पञ्चायत रजत जयन्ती	१५
९.	१५ औं विश्व बौद्ध सम्मेलन	१५
१०.	विश्व वन्यजन्तु कोष स्थापनाको २५ औं वर्ष	१६
११.	ज्याम्वोरी सम्मेलन	१८
१२.	सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्	१९
१३	श्री ५ दीपेन्द्र शुभ उपनयन	२०
१४.	दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन	२२
१५.	नेपाल बैंक लिमिटेडको स्वर्ण जयन्ती	२३
१६.	नेपाल रेडक्रस सोसाइटी रजत जयन्ती	२४
१७.	श्री ५ मुमा वडामहारानी शुभ हिरक	२५
१८.	हिमचितुवा अंकित	२६
१९.	श्री ५ युवराजाधिराज उमेर पुगिबक्सेको	२७
२०.	श्री ५ मुमा वडामहारानीको ६२ औं शुभजन्मोत्सव तथा नेपाल बाल संगठनको रजतजयन्ती	२८
२१.	नेपाल अधिराज्यको संविधान- २०४७	२९
२२.	विश्व खाद्य दिवसको १० औं वार्षिकोत्सव	३०
२३.	राष्ट्रिय वाणिज्य बैंकको रजत जयन्ती	३१
२४.	बालबालिका बचाऔं	३२
२५.	प्रथम संसद अधिवेशन २०४८	३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDR

आधुनिक नेपाली राष्ट्रिय मुद्रा

सि.नं	विषय	पेज नं.
२६.	राष्ट्रिय बीमा संस्थानको रजत जयन्ती	३५
२७.	कृषि विकास बैंकको रजत जयन्ती	३६
२८.	Red Panda	३७
२९.	Boxing	३८
३०.	Sky Jumping	३९
३१.	विश्व कप फुटवल '९४	४०
३२.	Tiger and Bear	४१
३३.	सगरमाथा विजय	४१
३४.	गौतम बुद्ध सिरिज (प्रथम)	४२
३५.	अन्तर्राष्ट्रिय श्रम संगठन	४४
३६.	अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंक	४५
३७	कमल सिरिज	४८
३८.	नेपाल अपाङ्ग संघको रजत जयन्ती	४९
३९.	Runner	५०
४०.	Decathlon	५१
४१.	World cup football 98	५२
४२.	श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवद्वारा गद्दी आरोहण गरिवक्सेको रजत महोत्सव	५२
४३.	युनिसेफको ५० औं वर्ष	५४
४४.	गौतम बुद्ध सिरिज (दोश्रो)	५५
४५.	नेपालका वन्यजन्तु सम्बन्धी	५७
४६.	गौतम बुद्ध सिरिज (तेश्रो)	६४
४७.	मानव अधिकार घोषणा पत्र जारी भएको ५० औं वर्ष	६७
४८.	नेपाल आंखा अस्पताल रजत जयन्ती	६८
४९.	चलन चल्तीका सिक्का	६९
५०.	सिक्का सिरिज २०५१	७०
५१.	संयुक्त राष्ट्र संघको ५० औं वर्षमा निष्कासित	७४
५२.	नेपाल भ्रमण वर्ष १९९८	७६
५३.	सुनको सिक्का	७८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

मुद्राको उत्पत्ति

मुद्राको उत्पत्तिका सम्बन्धमा खास तथ्य फेला नपरेको भएतापनि ईसाभन्दा ७०० वर्ष पूर्व एसिया माइनर, चीन र भारतमा मुद्राको प्रचलन भएको पुरातात्विक अनुसन्धानबाट ज्ञात हुन आउँछ । मुद्रा उत्पत्तिको इतिहासतर्फ हेर्दा जब मानिसहरु जङ्गली अवस्थाबाट क्रमश: सामाजिक जीवनयापनको क्रममा लागे, तब उनीहरुको लागि जीवनयापन गर्न अनेक वस्तुको आवश्यकता पर्न थाल्यो र वस्तु विनिमय प्रणालीको प्रारम्भ गरे । वस्तु विनिमय प्रणाली सञ्चालन गरे तापनि त्यसले उपयुक्त मापदण्डको कार्य नगरेको हुँदा मुद्राको उत्पत्ति हुन गयो । पहाडी खोलाहरुबाट सङ्कलन गरिने सुन-चाँदी मिश्रित धातु (इलेक्ट्रम)मा मुद्रा बनाउने कार्यको शुभारम्भ ईसापूर्व ६८७-६५२ मा एसिया माइनरमा लिडिया साम्राज्यको संस्थापक गिजेजको पालामा भएको भन्ने मुद्रा विशेषज्ञहरुको भनाइ छ ।

नेपाली मुद्राको प्राचीन रुपतर्फ हेर्दा दुईवटा भटमासलाई कपडाले बेह्री भटमासको पैसा चलाएको कथन पाइन्छ । त्यस्तै छाला, माटोका मुद्रा पनि नेपालमा चलेका थिए र प्राप्त पनि छन् । मेलानिशियामा सिपी र दातहरुको मुद्रा, मलायामा टीन टोप, अफ्रिकामा बाजूरा मुद्रा, तिब्बतमा झारपात मुद्रा बनाई विनिमयको रुपमा चलाएको पाइन्छ । कौडीबाट मुद्राको काम लिने प्रथा भारत, नेपाल र चीन आदि देशमा रहेको पाइन्छ ।

गोपाल वंशी, अहीर र किरात वंशले काठमाण्डौ उपत्यकामा विभिन्न युगमा शासन गरेको भए तापनि त्यस बेलाका नेपाली मुद्राहरु प्राप्त भएका छैनन् । विशेष गरी नेपाली मुद्राको अनुसन्धान गर्दा काठमाण्डौ उपत्यकालाई नै मुख्य केन्द्रस्थल मानिआएको देखिन्छ ।

प्राप्त नेपाली मुद्राहरुको अध्ययनबाट नेपाली मुद्रालाई तीन भागमा विभाजन गरी अध्ययन गर्ने जमर्को गरिएको छ ।

१.लिच्छवि मुद्रा : आजसम्म प्राप्त भएका लिच्छवि मुद्राहरुमा साल र मिति उल्लेख भएको पाइएको छैन । राजाको नाम र मिति सहितको शिलालेख र उपत्यकामा प्राप्त भएको मुद्रामा राजाको नाम भएको कारणबाट मात्र यो मुद्रा फलानो राजाको फलानो समय वा मितिको हो भनेर भन्न सकिने स्थिति छ । लिच्छवि मुद्रा जे जति प्राप्त छन्, सबै तामाका नै प्राप्त छन् । सुन र चाँदीका मुद्रा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि प्रचलनमा थिए भन्ने देखिए तापनि निश्चयका साथ भन्न सकिएको छैन ।

लिच्छवि मुद्राहरुमा सबभन्दा पहिलो मुद्रा मानाङ्क अर्थात् मानदेवको मुद्रा हो । मानदेवका प्राप्त मुद्रामा अग्र भागमा लिच्छवि लिपिमा मानाङ्क र अक्षरमुनि सिंहको मूर्ति छ, पृष्ठभागमा आफ्नो स्त्रीको नाम भोगिनी अङ्कित गरेको पाइन्छ । यसैगरी अंशु वर्माको सिक्काको अग्रभागमा माथितिर श्रयंशुवर्मा बीचमा पखेटा भएको सिंहको मूर्ति र पृष्ठ भागमा माथि कामदोही र त्यसमुनि गाईको मूर्ति छ । यसैगरी लिच्छविं मुद्राहरु धेरै जसो एकै प्रकारका पाइन्छन् । यस बेलाका तामाका मुद्रा अध्ययन गर्दा मुद्राहरू हाते प्रणालीबाट बनाउने भएतापनि कलाकारहरुले साँचोमा ढाली मुद्रा बनाउने सीपको विकास गरिसकेको जस्तो देखिन्छ । किनकि यी मुद्राहरुमा दुबैतिर अक्षर र चित्रहरुको बुट्टा उठाएका र मुद्राहरु झण्डै एकै प्रकारको विवरणमा पाइन्छन् ।

२. मल्ल मुद्रा : मल्लकालीन समयका मुद्राहरुको अध्ययन गर्दा यस समयका मुद्राहरु लिच्छविकालीन मुद्रासँग त्यति मेल खाने देखिंदैनन् । मल्लकालमा प्राय: मुद्राहरु चाँदीबाट निर्मित छन् भने यिनीहरुको बनावटको ढाँचा पनि लिच्छविकालभन्दा फरक छ । लिच्छविकालीन मुद्रामा देव-देवीहरुको चित्र अङ्कित भएको देखिन्छ । जसबाट राजाहरुका अधिष्ठाता वा अधिष्ठात्री देव-देवीहरु को को हुन् भन्ने ज्ञान हुन्छ । मल्लकालीन मुद्रामा तन्त्रमन्त्रका साथै प्राय: प्रत्येक मुद्रामा राजाको नाम र मिति उल्लेख भएको पाइन्छ । महेन्द्र मल्लका मुद्रामा एकातिर बज्र र अर्कोतिर त्रिशूल चिन्ह अङ्कित छ ।

मल्लकालीन मुद्रामा प्रयोग गरिने भाषामा विभिन्नता पाइन्छ । महेन्द्र मल्लका मुद्रामा कुनैमा नेवारी लिपिको प्रयोग भएको छ भने कुनैको अग्रभागमा श्रीमत्काष्ठमण्डपस्याधिपति र पृष्ठ भागमा श्री श्री जय महेन्द्र मल्ल देवस्य अङ्कित गरेको संस्कृत भाषाको प्रयोग गरेको पाइन्छ । यसभन्दा पछिका कुनै मुद्रामा अरवी लिपिको प्रयोग भएको पाइन्छ ।

मल्लकालमा कुन राजाको समयमा कुन-कुन मुद्रा प्रचलनमा थिए भन्ने कुरा निम्न राजाहरुको पालामा निष्काशन भएका सिक्कावाट थाहा पाउन सकिन्छ । जस्तै: रणजित मल्ल (भक्तपुर) का चारथरिका मोहर मुद्रा र तीनथरिका सुकी मुद्रा प्राप्त भएका छन् । यस बाहेक यिनको चाँदी दाम पनि प्राप्त भएको छ, जसमा श्री रणजित लेखिएको छ । सिद्धिनरसिंह (ललितपुरका) राजा भएपछि यिनको समयदेखि नै ललितपुरमा मुद्रा प्राप्त हुन आएको देखिन्छ । यिनका अन्य मुद्राको अलावा सुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

र चाँदीका दाम पनि प्राप्त छन् ।

३. **शाहकालीन मुद्रा:** श्री ५ पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेपश्चात् विभिन्न ठाउँबाट मुद्रण हुने मुद्रा त्यसपछि केवल काठमाण्डौबाट मात्र मुद्रण हुन थाले । ई.सं.१८११ मा श्री ५ पृथ्वीनारायण शाहले मल्ल राजाका मुद्राहरुसँग तौल मिलाएर चाँदीका मोहर चलाई दुई मोहरको समुदायलाई रुपैयाँ भन्ने नाम दिए । श्री ५ पृथ्वीनारायण शाहले र यिनका उत्तराधिकारीहरुले नेपालको एकीकरण गरिसकेपछि यिनीहरुकै नाउँमा रुपैयाँ नेपालमा चलाए भन्ने कुरा इतिहास शिरोमणि बाबुराम आचार्यले उल्लेख गर्नुभएको छ ।

श्री ५ पृथ्वीनारायण शाहको मुद्रामा चन्द्र, सूर्य, गदा, पद्म र मिति अघिल्लो भागमा देखिन्छ भने पछिल्लो भागमा श्री श्री आवरणले युक्त खड्ग, श्री श्री भवानी र श्री श्री श्री गोरखनाथ एक एक अक्षरमा उल्लेख भएको पाइन्छ । यिनले काठमाण्डौ उपत्यकामा हमला गर्नुअघि नुवाकोट विजय गर्दा पनि यस्तै किसिमका मोहर मुद्रा निकालेको देखिन्छ । उपत्यकामा विजय गरेपछि मोहरका अतिरिक्त सुकी, डबल र त्यस्तै सुनका मुद्रामा सुनको मोहर (पातलो) सुका मोहर, सुनको आनी (१।८ मोहर) दुई तोलाको असर्फी प्रचलनमा ल्याएको देखिन्छ । लिच्छविकालदेखि नै मुद्रा उत्पादन गर्दा मुद्रामा शासकको नाम राखी मुद्रा निकालिने प्रथा भए पनि कुनै-कुनै शासकका पालामा आफ्नो मन पर्ने स्त्री वा महारानीको नामबाट पनि मुद्रा निकालेको देखिन्छ । यो कुरा शाहवंशमा अत्यधिक पाइन्छ । जस्तै : राजेन्द्रलक्ष्मी देवी, राज राजेश्वरी आदिका मुद्रा प्राप्त हुनुले यो कुराको पुष्टि गर्दछ । महारानीका नाउँमा निस्केका प्रत्येक मुद्राम्मा अन्य कुराका अतिरिक्त सिन्दुरको बट्टा अङ्कित भएको पाइन्छ । यस्तै नायवी भई राज्य सञ्चालन गर्दा पनि नाबालकको नाउँमा मुद्रा ननिकाली आफ्नै नाउँमा मुद्रा निकालेको पाइन्छ । जस्तैः- श्री ५ राजेंन्द्र विक्रमको अभिभावक भई नायवीको रुपमा शासन गर्दा ललितत्रिपुरा सुन्दरीले १७२८ अङ्कित सुनको सुकी लगायत अन्य मुद्रा निकालेकी थिइन् ।

प्रताप सिंहको पालामा कम मूल्यका मुद्राको अभाव हटाउन ठूल्ठूला मुद्रालाई पाँच-छ भागमा काटी व्यवहारमा ल्याएको थाहा पाइन्छ । यस्ता काटिएका टुक्रा के कति दरमा चलेका थिए, त्यो भने थाहा पाउन सकिएको छैन ।

आफ्ना पिता छँदा राणा प्रधानमन्त्री जंगबहादुरद्वारा राजगद्दीमा राखिएका सुरेन्द्र विक्रमले तामाको पैसा निष्काशन गरेका थिए । यिनको पालामा निस्केको तामाको पैसाको अग्रभागमा सुरेन्द्र विक्रम शाहदेव १७९१ र पृष्ठ भागमा चतुष्कोणभित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री श्री श्री नेपाल सरकार लेखेको पाइन्छ। यिनको समयमा चाँदी र सुनका मुद्राहरु पनि निष्काशन गरिएको पाइन्छ। पृथ्वी वीर विक्रम शाहदेव भन्दा अघिका मुद्राहरुमा नेपाल लेख्ने चलन थिएन र यिनैका पालादेखि नेपाल लेख्ने चलन आरम्भ भयो। यिनका पालामा प्राप्त मुद्रामध्ये एउटा ढ्याक पैसा पनि हो, जो अन्य मुद्राको तुलनामा ठूलो र बाक्लो पनि छ। यस मुद्राको मध्यभागमा दुईवटा खुकुरी छड्के खप्टेको छ भने माझमा दुई पाउ र नाम अङ्कित छ। पछिल्तिर फूलका दुई हांगाका साथै १९५० र भित्र पट्टि श्री ५ भवानी नेपाल सर्कार लेखिएको छ र यिनका १९५० मा नै प्राप्त मुद्रामा गोर्षा सरकार लेखिएको पनि पाइन्छ। यिनका कुनै तामाका मुद्रामा १६ पैसा र ३२ पैसा अङ्कित भए पनि अन्य विवरण केही छैन। यसको प्रयोग ज्यामीको लागि गरिन्थ्यो होला भन्ने अनुमान गरिन्छ।

यसपछि श्री ५ त्रिभुवनको पालामा (वि.सं.१९६८/२०११) निष्काशित एक रुपैयाँ र दुई रुपैयाँ जाने डबल मोहरको ढाँचा र विवरण आफ्ना अग्रज पृथ्वी वीर विक्रम शाहदेवको मोहर मुद्रा समान रहेको छ। वि.सं.१९७८ मा यिनले पाँच पैसे तामाको ढ्याक निकालेका थिए। यसको अग्रभागमा दुई वटा खुकुरी छड्के खप्टिनुका साथै गोलाकार पंक्तिमा श्री ५ त्रिभुवन वीर विक्रम शाहदेव १९७८ लेखिएको छ। पछिल्लो भागको बीचमा वाटुलो घेरा, यसभित्र त्रिशूल र पांच पैसा अङ्कित छन् भने घेरा बाहिर श्री पशुपतिनाथ नेपाल लेखिएको छ।

यसैगरी, यिनका समयमा निष्काशन गरिएका मुद्रामा दुई पैसे ढ्याक, एक पैसे, बीस पैसे चाँदीको मुद्रा २००६, ६ पैसे, १२ पैसे र सुकी, चूनदाम २००४, ओहदाम सुवर्ण मुद्रा र २५ पैसे मुद्रा प्रचलनमा रहेको पाइन्छ। २ पैसे मुद्राहरु १९९९ सालदेखि सर्वप्रथम पित्तल धातुमा देखापरेका छन्। यसको आकार सानो छ र यही मुद्रा फेरि २००३ वि.सं. मा तामाका मुद्रामा देखापरेका छन्। २००१ सालमा देखापरेका एक पैसे मुद्राहरु पित्तल धातुका छन्। वि.सं.२००७ कार्तिक २१ गते श्री ५ त्रिभुवनले राणाहरु विरुद्ध क्रान्तिको कदम चाल्दा राणा प्रधानमन्त्री मोहन शमशेरले श्री ५ त्रिभुवनलाई राज्यच्यूत गरी बालक ज्ञानेन्द्र वीर विक्रमलाई राजगद्दीमा राखेका थिए। त्यसै बेला ज्ञानेन्द्रकै नाउँबाट डबल, मोहर र सुवर्ण मुद्रा टकमरी गराएको पाइन्छ।

२००७ फाल्गुणमा राणाहरुको हुकुमी शासन विरुद्ध श्री ५ त्रिभुवन र जनताको विजय भयो। देशमा प्रजातन्त्रको जग बसाल्नुका साथै त्रिभुवनले आफ्नो टकमा पनि आमूल परिवर्तन गरे। क्रान्तिपछिका मुद्रा यस प्रकार छन् :-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

आधुनिक नेपाली राष्ट्रिय मुद्रा

डबल मोहर : अग्रभागमा पाँच कुने कोठाभित्र नेपाली भादगाउँले टोपी लगाएका श्री ५ त्रिभुवनको आकृति छ भने पाँच कुने कोठामा प्रभामण्डल देखिन्छ। कोठाको बाहिरपट्टी अन्तरमा श्री त्रि.भू.व.न. अङ्कित छ। यसैगरी पृष्ठभागमा सूर्य उदाउन लागेको पहाडी दृश्य छ र यसको मुनि २०११ अङ्कित छ। वरीपरी धानका वाला र शिरमा श्री नेपाल सरकार र मुनि एक रुपयाँ अङ्कित छ। यसैगरी यिनको मोहर, सुकी, दश पैसे र पाँच पैसे द्‌याक पनि प्रचलनमा रहेको थियो।

यसपछि श्री ५ महेन्द्रको शासनकालमा नेपाली मुद्राको टकमरीमा अनेक सुधार गरी नेपाली मुद्राकै इतिहासमा नौलो अध्याय शुरु भयो। २०२४ सालदेखि टकमरी भएका डबल र मोहर मुद्रामा श्री श्री श्री ५ महेन्द्र वीर विक्रम शाहदेव लेखिएको छ भने यसभन्दा अघिका सिक्कामा यस्तो लेख्ने प्रचलन थिएन। श्री ५ महेन्द्रको राज्यारोहणमा दुई तोला, १ तोला र आधा तोलाको असर्फीहरुको निष्काशन गरिएको थियो। राज्यारोहणकै अवसरमा नेपाली राष्ट्रिय मुद्राको महत्त्व बढाउनको लागि श्री ५ बडामहारानी रत्नराज्य लक्ष्मीको नाउँमा पनि १ रुपैयाँ र ५० पैसाका मोहर टकमरी भएको थियो।

श्री ५ महेन्द्रको शुभराज्याभिषेक (२०१३ वैशाख २०)मा स्मारिका मुद्रा रु. १।, ५० पैसे, २५ पैसे, १० पैसे, ०२ पैसे र ०१ पैसेहरु निष्काशन गरिएको थियो। यसबेला टकमरी भएका मुद्राहरुमध्ये १० पैसे र ०५ पैसा तामाका थिए भने ०२ पैसा र ०१ पैसा पित्तलका थिए।

नेपाली मुद्राको इतिहासमा २०२१ वैशाख १ गते निष्केका मुद्राहरु विशेष उल्लेखनीय छन्। यी मुद्राहरुको टकमरी व्यवस्था पहिले निष्केका मुद्रासरह भए पनि यी मुद्रा टकमरी भई प्रचलनमा आउँदा यी मुद्राहरुको विधिवत् उद्‌घाटन भएको थियो र निष्काशनको प्रथम दिन अङ्कित गरी नयाँ मुद्राहरुको आकर्षक सेट पनि निष्केको थियो। यी मुद्राहरु प्रचलनमा आउँदा नेपाली मुद्रासम्बन्धी अनेक तथ्यहरु पनि पचारमा आए। जस अनुसार मुख्यतया निम्न लिखित व्यवस्था गरिएको थियो :-

(१) त्यस बेलाको राणाकालीन सरकारले टक्सारलाई आफ्नो व्यक्तिगत ढुकुटी बनाई आएकोमा त्यसपछि मुद्रा टकमरी गरी नेपाल राष्ट्र बैंकमा दाखिला गर्ने व्यवस्था गरियो।

(२) मुद्रा निष्काशन तथा नियन्त्रण सम्बन्धी कार्यमा एकरुपता ल्याउनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDR

लागि मुद्रा ऐन, मुद्रा निष्काशन नियमावली र टक्सार विभागको निर्देशिका आदि प्रकाशमा आयो ।

(३) विगत केही वर्षयता टकमरी हुने रकमलाई राजस्व नमानिएको हुँदा यसलाई फाइदाको साधन सम्झी मुद्राको खाँचो पूरा गर्न कम मूल्यको मुद्रा टकमरी गर्ने कार्य आरम्भ भयो । साथै २०२३ मा नयाँ टकमरी भएका मुद्राहरुको विधिवत् पुन: निष्काशन भयो । यी मुद्राहरुको निष्काशनबाट पनि श्री ५ को सरकारको मुद्रासम्बन्धी नीतिहरु प्रकाशमा आए । जस अनुसार द्वैध मुद्राको अन्त्य गरी अधिराज्यभर नेपाली मुद्राको प्रचलन र देशका कतिपय भागहरुमा पूर्ण मौद्रिकीकरण नभएबाट कारोबार, विनिमय इत्यादि वस्तुहरुकै आधारमा भइरहेकोमा यी नयाँ मुद्राहरुको निष्काशनमा विशेषत लघुमूल्यका मुद्राहरुको आवश्यकतालाई विशेष जोड दिई देशमा यातायातको विकासका साथै मौद्रिक क्षेत्रको विस्तार गर्ने उद्देश्य अनुरुप यसै समयदेखि अन्य मुलुकमा प्रयोग भइरहेको सस्तो र हलुङ्गो आल्मोनियम धातु नेपालमा पनि प्रयोग गर्न थालियो ।

सन् १९४५ मा F.A.O (विश्व खाद्य तथा कृषि संस्था)को स्थापना भएपछि नेपाल पनि यसको सदस्य भयो । यस संस्थाले खाद्यान्न बृद्धिको महत्त्व दर्शाउन तथा कृषि उत्पादन बढाउने उद्देश्यबाट प्रेरित भई मुद्रालाई शैक्षिक साधन बनाउने तथा विश्वमा दिन पर दिन बढ्दै गइरहेको जनसंख्यासँग मुकाविला गर्न र सबैलाई खाद्यान्न पुऱ्याउनका लागि विशेष प्रकारको मुद्रा प्रचलनमा ल्याउन अनुरोध गरे अनुसार नेपालले पनि २०२५ सालमा सबैका लागि खाद्य अङ्कित रु.१०। को स्मारिका मुद्रा उत्पादन गरी F.A.O को सहायतार्थ २००० थान मुद्रा प्रदान गरेको थियो । नेपाली राष्ट्रिय मुद्राको ऐतिहासिक क्रममा विशेष तवरले निष्काशन् गरिएको मुद्राले ठूलो महत्त्व राख्दछ । यसरी F.A.O को अनुरोधमा मुद्रा निष्काशन गरिएका मुलुकहरुमा नेपालबाट निष्काशित मुद्राले पहिलो स्थान प्राप्त गरेको थियो ।

वि.सं.२०२८ मा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको राज्यारोहण भयो । यस अवसरमा श्री ५ को सरकार, टक्सार विभागले १० ग्राम, ५ ग्राम र २.५ ग्रामका असर्फीका साथै रु.१।, ५० पैसा, १० पैसा, ०५ पैसा, ०२ पैसा र ०१ पैसाको सेट उत्पादन गरेको थियो । यसैगरी, २०३१ मा सु-सम्पन्न भएको श्री ५ वीरेन्द्रको शुभ राज्याभिषेकमा पनि उपरोक्त अनुसारका असर्फीका साथै शुभ राज्याभिषेक सेट (जसमा रु.२५।, रु.१, ५० पैसा, २५ पैसा, १० पैसा, ०५ पैसा र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

०१ पैसा सम्मीलित छन्) निष्काशन गरेको थियो । यसभन्दा अधिका श्री ५ वीरेन्द्र नामाङ्कित सुवर्ण मुद्राहरुका पृष्ठ भागमा डबल असर्फीमा १ असर्फी, त्यस्तै मोहर असर्फीमा आधा असर्फी र सुकी असर्फीमा असर्फी लेख्ने परम्परा कायम थियो भने शुभ राज्याभिषेकका असर्फीमा डबल र मोहरमा असर्फी र सुकी असर्फीमा चौथाई असर्फीका अभिलेखहरु अङ्कित भएका थिए । शुभ राज्याभिषेककै उपलक्ष्यमा श्री ५ बडामहारानीको नाममा पनि डबल र मोहर गरी दुईथरि मुद्रा निष्काशन गरिएको थियो ।

ने.सं.८८८ मा श्री ५ पृथ्वीनारायण शाहले काठमाण्डौ उपत्यका विजय गरिसकेपछि नेपाली मुद्रा बनाउने प्रणालीमा केही सुधार गरेका थिए, उनले पुराना र खिइएका सबै मुद्राहरु खिच्न लगाए भने तिव्वतको निमित्त व्यापारिक दृष्टिकोणबाट निर्मित मुद्रामा पनि स्तर कायम गर्न खोजे ।

तत्पश्चात् श्री ५ पृथ्वी वीर विक्रम शाहको पालामा प्रधानमन्त्री रणोद्दीप सिंहले नेपाली मुद्रा बनाउने प्रणालीमा ठूलो परिवर्तन ल्याएको प्रमाणित हुन आउँछ । प्रथमत: १६ गण्डाको प्रणाली (भारतमा प्रचलित) लाई तोडी २५ गण्डाको दशमलवको प्रणाली त्यही बेलादेखि कायम गरियो । दास्रो साँचोमा ढाल्दै मुद्रा बनाउने प्रणालीलाई तोडी यन्त्रद्वारा मुद्रा बनाउने प्रणाली कायम गरियो, जसलाई पानी ढिकी प्रणाली भन्ने गरिन्छ । पानीबाट चल्ने यन्त्रद्वारा धातुका पातालाई कुटी मुद्राको रुपमा दुबैतिर अक्षर बुट्टा निकाल्ने भएपछि ती यन्त्रहरुको नाम नै पानीढिकी भएर नेपाली मुद्रालाई महेन्द्रमल्ली भन्ने गरे झैं यस बेलादेखि निस्केका मुद्राहरुलाई पानीढिकी मुद्रा भन्न थालियो । यी पानीढिकीबाट तयार गरेका त्यस बेलाका सुन, चाँदी, तामाका सबै मुद्राहरुका ढाँचा, विवरण, आकार आजसम्म पनि खुब आकर्षक बनेका छन् । यस किसिमको पानीढिकी यन्त्र हाल नख्खु जेल रहेको ठाउँ ललितपुर, नख्खुखोलामा रहेको थियो । यस किसिमका पानीढिकी यन्त्रहरु पल्लो किरात धनकुटा र पाल्पामा पनि रहेको थाहा पाइन्छ तर ती यन्त्रहरु चाँडै नै बन्द भएका थिए ।

पानीढिकी प्रणालीपछि १९८९ सालमा श्री त्रिभुवनको शासन अवधिमा प्रधानमन्त्री भीम शमशेरले हालको टक्सार विभाग स्थापना गरेका हुन् । जसमा कोइला र विजुलीको सहायताबाट मुद्रा टकमरी गरिन्थ्यो भने हाल स्वचालित यन्त्रहरुबाट मुद्रा टकमरी गर्ने गरिन्छ ।

विक्रम सम्वत् १९८९ मा प्रधानमन्त्री भीम शमशेरको पालामा स्थापना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

भएको टक्सार विभाग २०४० साल मार्ग १५ गतेदेखि नेपाल राष्ट्र बैंकलाई हस्तान्तरण गरिएको हो । देशको मौद्रिकीकरणलाई विस्तार गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले दैनिक सिक्का उत्पादन बृद्धि गर्नुका साथै स्मारिका सिक्का पनि निष्काशन गर्दै आएको छ । मूलतः सिक्काहरु दुई किसिमका हुन्छन्; पहिलो प्रचलनमा रहने सिक्का र दोश्रो स्मारिका सिक्का । प्रचलनमा रहने सिक्काहरु कागजी रुपियाँ सरह विनिमय कार्यमा प्रयोग भइरहन्छन् भने स्मारिका सिक्काहरु कुनै विशेष अवसरमा निष्काशन गरिन्छ र संग्रहकर्ताको लागि उपयोगी हुने गर्दछन् । स्मारिका सिक्कालाई देशको संस्कृति र प्राकृतिक सम्पदाको प्रचार वाहकको रुपमा उपयोग गर्न सकिन्छ । स्मारिका तथा चलन चल्तीमा आउने मुद्राहरुले विशिष्ट दिनको सम्झना गराउनुका साथै सांस्कृतिक, सामाजिक र ऐतिहासिक जीवन्तताको अभिलेख पनि राख्ने गर्दछन् । यिनै सिक्काको अध्ययनबाट अनुसन्धान तथा इतिहासको वास्तविक तथ्य थाहा पाइन्छ । विगतको सांस्कृतिक जीवन तथा आर्थिक अवस्थाको पहिचान गर्न पनि यिनै मुद्राहरुले मद्दत पुऱ्याउँछन् । साथै नेपाल विश्वमा एक मात्र हिन्दू राष्ट्र रहेको र यहाँबाट निष्काशन गरिएका मुद्राको कति महत्व रहेछ भन्ने कुरा तलको वाक्यांशबाट पनि थाहा पाउन सकिन्छ ।

"नेपाल केवल पुण्यभूमि मात्र होइन, हिन्दूहरुका लागि यसको विशेष महत्त्व छ । यो विश्वमा एक मात्र हिन्दूराज्य हो । भारत शदियौंसम्म पठान मुगल र अंग्रेजबाट अंध्यारो र निराशापूर्ण युगमा स्वतन्त्र नेपाल हामीलाई ढाडस र प्रोत्साहन दिइरहन्थ्यो, मलाई याद छ जब दीपावलीको अवसरमा म लक्ष्मी पूजा गर्थें, त्यसबेला थालीमा श्री-चक्र बनाएर त्यसमा चाँदीको रुपियाँ राखी पूजा गर्नुपर्थ्यो । म पराधीनताको प्रतीक इङ्गल्याण्डका राजा या रानीको चित्र अङ्कित एवं आंगल भाषामण्डित रुपियाँ पूजामा राख्नु हिन्दू जातिको अपमान र अधर्म सम्झन्थें । यसैले मैले स्वतन्त्र हिन्दू राज्य नेपालको केही रुपियाँ खुब यत्नपूर्वक मगाएको थिएँ, जसको उपयोग म पूजामा गर्ने गर्दथें । तब म भगवान्‌लाई धन्यवाद दिन्थे कि संसारमा एक स्वतन्त्र हिन्दूराज्य त विद्यमान छ, जहाँ स्वतन्त्रताको मनोहारिणी ज्योति जगमगाइरहेछ ।" ●

● (देश भूमिको मध्यमणि नेपाल लेखको एक अंश, श्री ५ महेन्द्र अभिनन्दन ग्रन्थबाट उद्धृत वि.सं.२०२१ जेष्ठमा प्रकाशित । लेखक पं. नारायण चतुर्वेदी, डिष्टिक डाइरेक्टर जनरल, अल इण्डिया रेडियो, सम्पादक : सरस्वती)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

सिक्का निष्काशन प्रक्रिया

जुनसुकै कार्य सम्पादन गर्नुपर्दा पनि नीति नियमको पालना गरी कार्य सम्पादन गर्नुपर्छ भने सिद्धान्त अनुरुप सिक्का निष्काशनको लागि पनि केही निश्चित नियमहरु रहेका छन्। ती नीति-नियमको परिधिभित्र रही नेपाल राष्ट्र बैंकले स्मारिका सिक्का निष्काशन गर्दै आएको छ।

नेपाल राष्ट्र बैंकका गभर्नरको अध्यक्षतामा विशेषज्ञहरु सदस्य रहेको एक सिक्का डिजाइन समितिको गठन गरिएको छ।

सिक्का डिजाइन समितिबाट डिजाइन पास भइसकेपछि नेपाल राष्ट्र बैंकले सिक्का निष्काशनको स्वीकृतिको लागि निष्काशन गरिने सिक्काको लोगो (चिन्ह) र स्पेशिफिकेशन श्री ५ को सरकार, अर्थ मन्त्रालयमा पठाउनु पर्दछ। अर्थ मन्त्रालयले नेपाल राष्ट्र बैंकबाट प्राप्त डिजाइन स्वीकृतिको लागि मन्त्रिमण्डलको बैठकमा पेश गर्दछ र श्री ५ को सरकारबाट सिक्का निष्काशनको स्वीकृति प्राप्त भएपछि सिक्का निष्काशनको व्यहोरा नेपाल राजपत्रमा प्रकाशित गरिन्छ।

नेपाल राष्ट्र बैंकले अन्तर्राष्ट्रिय बजार तथा मुद्रा संकलनकर्ताको मागलाई अध्ययन गरी नेपालका बन्यजन्तु, भगवान् बुद्धको प्रतिमा अङ्कित असर्फी तथा सिक्काहरु विदेशी टक्सारमा टकमरी गराई त्यहांबाट नै अन्तर्राष्ट्रिय बजारमा विक्री-वितरण गर्ने व्यवस्था मिलाउने गर्दछ। यसरी विदेशी टक्सारबाट सिक्का टकमरी गराई विक्री-वितरण गर्दा नेपाललाई विश्वमा चिनाउन सहयोग पुग्ने गरेको छ। यसरी सिक्का विदेशी टक्सारमा टकमरी गराई अन्तर्राष्ट्रिय बजारमा विक्री-वितरण गर्ने क्रममा सबभन्दा बढी माग भएको सिक्का भगवान् गौतम बुद्धको प्रतिमा अङ्कित सिक्का नै हो। यो सिक्का नेपाल राष्ट्र बैंकले Singapore Mint बाट टकमरी गराई विक्री-वितरण गर्दै आएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

नेपाल राष्ट्र बैंकले टक्सार विभागको व्यवस्थापन लिएपश्चात् निष्काशन गरिएका स्मारिका सिक्काहरु

२०१६ सालमा स्थापना भएको महालेखा परीक्षकको कार्यालयले आफ्नो स्थापनाकालको, रजत जयन्ती (२०१६-२०४१) मनाउने शिलशिलामा नेपाल राष्ट्र बैंकलाई स्मारिका सिक्का निष्काशन गर्न अनुरोध गरेबमोजिम बैंकले रु.२५।- दरको स्मारिका सिक्का निष्काशन गरेको थियो, जुन सिक्का टक्सार विभागको व्यवस्थापन सम्हालेपछि नेपाल राष्ट्र बैंकद्वारा निष्काशित पहिलो स्मारिका सिक्का हो ।

महालेखा परीक्षकको रजत जयन्तीको उपलक्ष्यमा निष्काशित सिक्का ।-

अग्रभाग

पृष्ठभाग

स्पेशिफिकेशन

मुद्रा	२५। रुपैयाँ
सम्मिश्रण	चाँदी २५ प्रतिशत, तामा ४० प्रतिशत अन्य धातु ३५ प्रतिशत (जस्ता र निकेल)
व्यास	३३ मि.मि.
वजन	१२ ग्राम (±२ प्रतिशत)
आकार	गोलो १४० सिरेशन
अधिकतम निष्काशन थान	१५ हजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

आधुनिक नेपाली राष्ट्रिय मुद्रा

२०४१ सालमा नेपाल परिवार नियोजन संघको रजत जयन्तीको उपलक्ष्यमा रु. ५। र ५० पैसाको सिक्का निष्काशन गरिएको छ। परिवार नियोजनको महत्त्व दर्शाउन उत्पादित यस सिक्कालाई प्रचार साधनका रुपमा चलन चल्तीमा ल्याइएको थियो।

नेपाल परिवार नियोजन संघको रजत जयन्तीको उपलक्ष्यमा निष्काशित रु.५। र ५० पैसाको सिक्काको अग्रभाग एकै किसिमको रहेको छ भने पृष्ठभागमा अन्य सबै ढाँचा दुबै सिक्कामा समान रही केवल मुद्राको दर मात्र क्रमशः ५ रुपैयाँ र ५० पैसा उल्लेख गरिएको छ।

अग्रभाग

पृष्ठभाग

रु.५। को सिक्काको स्पेशिफिकेशन

दर	रु. ५।
तौल	८.५ ग्राम
व्यास	२९ मि.मि.
धातु	७५ प्रतिशत तामा, २५ प्रतिशत निकेल
अधिकतम निष्काशन थान	५ लाख

५० पैसे सिक्काको डिजाइनमा पृष्ठभागको बीचमा ५ को सट्टा ५० र तल रुपैयाँको सट्टा पैसा मात्र राखी अन्य सबै रु.५। को डिजाइन अनुसार नै राखिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

आधुनिक नेपाली राष्ट्रिय मुद्रा

५० पैसे सिक्काको स्पेशिफिकेशन

दर	५० पैसा
तौल	३.० ग्राम
व्यास	२० मि.मि.
धातु	७५ प्रतिशत तामा, २५ प्रतिशत निकेल
अधिकतम निष्काशन थान	१ करोड

विक्रम सम्वत् २०४१ साललाई राष्ट्रिय जनसंख्या वर्षको रुपमा मनाउने निर्णय भएबमोजिम बैंकले पनि रु.२। र रु.१। को सिक्का निष्काशन गरेको थियो । यी सिक्काको अग्रभागमा सिक्काको दर बाहेक अन्य कुराहरु यथावत् छन् भने पृष्ठभाग पनि समान नै छ ।

अग्रभाग

पृष्ठभाग

रु.२। को सिक्काको स्पेशिफकेशन

दर	रु. २।
तौल	६.५ ग्राम
व्यास	२६ मि.मि.
धातु	तामा ७५ प्रतिशत, निकेल २५ प्रतिशत
सिरेशन	साधा
अधिकतम निष्काशन थान	१ करोड

रु.१। को सिक्काको स्पेशिफिकेशन

दर	रु. १।
तौल	४.५ ग्राम
व्यास	२३ मि.मि.
धातु	तामा ७५ प्रतिशत, निकेल २५ प्रतिशत
सिरेशन	साधा
अधिकतम निष्काशन थान	२ करोड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

अन्तर्राष्ट्रिय युवा बर्ष १९८५ (२०४२) को उपलक्ष्यमा बैंकद्वारा दुईथरिका स्मारिका सिक्का निष्काशन गरिएका थिए । जसमा रु.१००। दर र रु.५। दरका थिए । यी दुवै सिक्काको अग्रभागमा सिक्काको दर बाहेक अरु सबै यथावत् छ भने दुवै सिक्काको पृष्ठभागको ढाँचा र विवरण यथावत् छ ।

अग्रभाग

पृष्ठभाग

रु.१००। दरको सिक्काको स्पेशिफिकेशन

दर	रु. १००।
तौल	१५ ग्राम
व्यास	३३ मि.मि.
धातु	६० प्रतिशत चाँदी र ४० प्रतिशत अन्य धातु
सिरेशन	१४०
मिश्रण घटी-बढी	±२ प्रतिशत
तौलको घटी-बढी	१० चक्की स्याम्पलको औसत तौलमा २.५ प्रतिशत
अधिकतम निष्काशन थान	१० हजार

रु.५। दरको सिक्काको स्पेशिफिकेशन

तौल	८.५ ग्राम
व्यास	२९ मि.मि.
धातु	७५ प्रतिशत तामा र २५ प्रतिशत निकेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सिरेशन	साधा
मिश्रण घटी-बढी	$\pm$२ प्रतिशत
तौलको घटी-बढी	१० चक्की स्याम्पलको औषत तौलमा २.५ प्रतिशत
अधिकतम निष्काशन थान	५० हजार

सामाजिक सेवा दिवस (२०४२।६।६)को उपलक्ष्यमा आत्मा साक्षी राखी मन, वचन र कर्मले सेवा गरौं भन्ने नारासहितको सिक्का निष्काशन गर्न सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्बाट अनुरोध भई आए बमोजिम २०४२ सालमा बैंकले उक्त विशुद्ध नाराअङ्कित रु.५। दरको सिक्का निष्काशन गरी प्रचलनमा ल्याएको थियो। जसको अग्रभाग र पृष्ठभाग निम्न अनुसार रहेको छ।

अग्रभाग

पृष्ठभाग

<u>रु.५। दरको सिक्काको स्पेशिफिकेशन</u>

दर	रु.५
तौल	८.५ ग्राम
व्यास	२९ मि.मि.
धातु	तामा ७५ प्रतिशत, निकेल २५ प्रतिशत
सिरेशन	साधा
मिश्रण घटी-बढी	$\pm$२ प्रतिशत
तौलको घटी-बढी	१० चक्की स्याम्पलको औसत तौलमा २.५ प्रतिशत
अधिकतम निष्काशन थान	५० हजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

आधुनिक नेपाली राष्ट्रिय मुद्रा

पञ्चायत व्यवस्था लागू भएको २५ वर्ष (२०१७-२०४२) पुगेको उपलक्ष्यमा मनाउन लागिएको रजत महोत्सवमा स्मारिका सिक्का निष्काशन गर्न श्री ५ को सरकारले नेपाल राष्ट्र बैंकलाई अनुरोध गरेअनुरुप नेपाल राष्ट्र बैंकबाट रु.२५। दरको स्मारिका सिक्का निष्काशन गरिएको थियो। सिक्काको पृष्ठभागमा २५ वर्षको संकेत अनुरुप २५ वटा लाली गुराँसको फूलको घेरा दिइएको छ भने तल्लो भागमा शान्तिको प्रतीक परेवाको चित्र अङ्कित गरिएको छ।

अग्रभाग

पृष्ठभाग

रु.२५। दरको सिक्काको स्पेशिफिकेशन

तौल	१२ ग्राम
व्यास	३३ मि.मि.
सिरेशन	१४०
धातु	२५ प्रतिशत चाँदी, ७५ प्रतिशत तामा, जस्ता, निकेल
सिक्काको तौल घटी-बढी	±२ प्रतिशत
अधिकतम निष्काशन थान	१० हजार

<u>भगवान् गौतम बुद्ध</u>को जन्मभूमि नेपालमा सम्पन्न भएको १५ औं विश्व बौद्ध सम्मेलनको उपलक्ष्यमा बैंकले बालक भगवान् बुद्धको प्रतिमा अङ्कित रु.५। दरको सिक्का निष्काशन गरी प्रचलनमा ल्याएको थियो। जसको अग्रभाग र पृष्ठभाग निम्न अनुसार छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

आधुनिक नेपाली राष्ट्रिय मुद्रा

अग्रभाग

पृष्ठभाग

<u>रु.५। दरको सिक्काको स्पेशिफिकेशन</u>

दर	रु.५।
तौल	८.५ ग्राम
व्यास	२९ मि.मि.
सिरेशन	साधा
धातु	क्युप्रोनिकल ७५ प्रतिशत, तामा र निकेल २५ प्रतिशत
मिश्रण घटी-बढी	±२ प्रतिशत
सिक्काको तौल घटी-बढी	१० चक्की स्याम्पलको औसत तौलमा २.५ प्रतिशत

विक्रम सम्वत् २०४३ सालमा आएर नेपाल राष्ट्र बैंकले सिक्का उत्पादनको इतिहासमा दुईवटा महत्त्वपूर्ण निर्णय गरी सोहीअनुरुप सिक्का निष्काशन गर्ने व्यवस्था मिलाएको थियो ।

नेपाल राष्ट्र बैंकले टक्सार विभागको व्यवस्थापनको जिम्मेवारी लिएपछि निष्काशित बन्यजन्तुको लोगो अङ्कित सिक्का नै पहिलो हो । जुन सिक्काको अग्रभाग यसभन्दा अघि निष्काशन गरिएका सिक्काको अग्रभागभन्दा फरक छ । जस्तै यसभन्दा अघि ने.रा.बैंक टक्सार विभागद्वारा निष्काशित सिक्काको अग्रभागमा श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको अतिरिक्त सिक्काको दर वा निष्काशन अवसरको लोगो अङ्कित गरी सिक्का निष्काशन गरिन्थ्यो भने २०४३ सालमा विश्व बन्यजन्तु कोषको २५ औं वर्षको उपलक्ष्यमा निष्काशित असर्फी र चाँदीको सिक्कामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

आधुनिक नेपाली राष्ट्रिय मुद्रा

निम्न अनुसारको अग्रभाग र पृष्ठभाग रहेको छ :

अग्रभाग

असर्फीको पृष्ठभाग

चाँदीको सिक्काको पृष्ठभाग

सनको असर्फीको स्पेशिफिकेशन	
सिक्काको दर	असर्फी
तौल	११.६६ ग्राम (१ तोला)
व्यास	२८ मि.मि.
शुद्धता	९०० टच* सुन (१००० मा)
अधिकतम निष्काशन थान	५ हजार

चाँदीको सिक्काको स्पेशिफिकेशन	
सिक्काको दर	रु.२५०।
तौल	१९.४४ग्राम
व्यास	३६ मि.मि.
शुद्धता	९२५ टच चाँदी
अधिकतम निष्काशन थान	२५ हजार

२०४० साल मार्ग १५ गतेपछि र २०४३ सालमा विश्व बन्यजन्तुको लोगो अङ्कित गरी निष्काशित असर्फी र चाँदीको सिक्का निष्काशनपूर्व निष्काशन गरिएका

* टच = धातुको प्रतिशत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

असर्फी तथा सिक्का नेपाल राष्ट्र बैंक टक्सार विभागमा नै टकमरी गराई निष्काशन गरिएका थिए भने यो विश्व बन्यजन्तु कोषको २५ औं वर्षको उपलक्ष्यमा निष्काशित असर्फी र सिक्का Spink Modern Collection Ltd., U.K. मा टकमरी गराई निष्काशन गरिएको थियो । नेपाल राष्ट्र बैंकले टक्सार विभाग आफ्नो अन्तर्गत राखेपछि विदेशमा टकमरी गराई निष्काशन गरेको यो नै पहिलो सिक्का हो । श्री ५ को सरकार, अर्थ मन्त्रालयको मातहतमा टक्सार विभाग छँदा २०३१ सालमा श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको शुभ राज्याभिषेक हुँदा Singapore Mint, मा टकमरी गराई रु.२५, रु.१।, ५० पैसा, २५ पैसा, १० पैसा, ०५ पैसा र ०१ पैसाको शुभ राज्याभिषेक सेट निष्काशन गरी बिक्री वितरण गरेको थियो ।

नेपालमा प्रथम पटक आयोजना गरिएको **ज्याम्बोरी** सम्मेलनको उपलक्ष्यमा बैंकबाट रु.३०० दरको चाँदीको सिक्का निष्काशन गरिएको थियो । जसको अग्रभाग यसभन्दा अघि निष्कासन गरिएको विश्व वन्यजन्तुको सिक्कामा अंकित अग्रभाग भन्दा केही फरक छ ।

अग्रभागमा उल्लेखित विवरण यस प्रकार छ :

सिक्काको छेउ-छाउमा स-साना ६४ वटा बिन्दु छन् । ६४ विन्दुको अर्थ चौसठ्ठी योगिनी हो ।

तिनै विन्दुको भित्र एउटा वृत्त बनेको छ । त्यसपछि तीनतिरको द्वार खुला भएको चतुष्कोण जोडिएको भूपुरयन्त्र शैलीको गोल आकृति छ । यसको मध्यभागमा त्रिशूल चिन्ह र त्यसलाई घेरेर राखेको सानो वृत्त छ । यस वृत्तबाट तानिएका चार रेखाबाट चतुष्काणको भित्री भागमा स्वस्तिकको आकृति अङ्कित छ । चतुष्कोणको बाह्य भागमा शिरमा दायाँतिर चन्द्रमा र बायाँतिर सूर्यको आकृति र बीचमा श्री श्री अङ्कित छ । यसको दायाँतिर माथिल्लो भागमा चक्र तथा तल्लो भागमा कमलको फूलको आकृति छ । त्यस्तै यसको बायाँतिर माथिल्लो भागमा शंख तथा तल्लो भागमा गदाको आकृति अङ्कित भई सबभन्दा तल साल उल्लेख गरिएको छ । चतुष्कोणको भित्री भागमा स्वस्तिक चिन्हका चारपातामा छरिएर रहेका अक्षरमा श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव अभिलेख अङ्कित छ, जुन हालसम्म निष्काशनमा आएका सिक्काको अग्रभागमा कायम नै छ ।

ज्याम्बोरी सम्मेलनको उपलक्ष्यमा निष्कासन गरिएको सिक्काको अग्रभाग तथा पृष्ठभाग निम्नअनुसार रहेको छ :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

आधुनिक नेपाली राष्ट्रिय मुद्रा

अग्रभाग

पृष्ठभाग

<u>चाँदीको सिक्काको स्पेशिफिकेशन</u>

सिक्काको दर	रु. ३००।
तौल	२५ ग्रान ±२ प्रतिशत
व्यास	३६ नि.नि. ±०.२ नि.नि.
शुद्धता	९२५ टच चाँदी ±२ प्रतिशत
सिरेशन	साधा

सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को स्थापनाको एक दशक पुगेको उपलक्ष्यमा बैंकले परिषद्को अनुरोधमा आत्मा साक्षी राखी मन, वचन र कर्मले सेवा गरौं भन्ने विशुद्ध नारा अङ्कित रु.२००। र रु.५। दरको सिक्का निष्काशन गरी २०४४ आश्विन ६ गते प्रचलनमा ल्याएको थियो । जसको अग्रभाग **ज्याम्बोरी** सम्मेलनको उपलक्ष्यमा निष्काशन गरिएको सिक्काको तरह राखी साल मात्र २०४४ अङ्कित गरिएको छ, जसको पृष्ठभाग निम्न अनुसार रहेको छ :

रु.२००। दरको सिक्काको पृष्ठभाग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

<u>रु.२००। दरको सिक्काको स्पेशिफिकेशन</u>

दर	रु.२००।
शुद्धता	६० प्रतिशत चाँदी, ४० प्रतिशत अन्य ±२ प्रतिशत
तौल	१५ ग्राम ±१ प्रतिशत
व्यास	३३ मि.मि.
सिरेशन	१४०
अधिकतम निष्काशन थान	१० हजार

रु.५। दरको सिक्काको पृष्ठभाग

<u>रु.५। दरको सिक्काको स्पेशिफिकेशन</u>

दर	रु.५।
धातु	क्युप्रोनिकल ७५ प्रतिशत, तामा २५ प्रतिशत
तौल	८.५ ग्राम
व्यास	२९ मि.मि.
सिरेशन	साधा
अधिकतम निष्काशन थान	१ लाख
मिश्रण घटी-बढी	±२ प्रतिशत
तौल घटी-बढी	१० चक्कीको नमूना ±२.५ प्रतिशत

<u>श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव</u>को शुभ उपनयनको पावन अवसरमा २०४४ सालमा बैंकले १ तोला, १/२ तोलाको २ किसिमको असर्फी र रु.३५०। दरको चाँदीको सिक्का निष्काशन गरेको थियो । जसको पृष्ठभाग निम्न अनुसार छ भने अग्र भाग परम्परागत ढाँचामा नै रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

आधुनिक नेपाली राष्ट्रिय मुद्रा



असर्फीको पृष्ठभाग



चाँदीको सिक्काको पृष्ठभाग

<u>१ तोला असर्फीको स्पेशिफिकेशन</u>

दर	असर्फी
शुद्धता	९९९ टच (१००० मा)
तौल	११.६६ ग्राम ±५० मि.ग्रा.
व्यास	२७.५ मि.मि.
सिरेशन	भएको
अधिकतम निष्काशन थान	५ हजार

<u>१/२ तोला असर्फीको स्पेशिफिकेशन</u>

दर	असर्फी
शुद्धता	९९९ टच सुन
तौल	५.८३ ग्राम ±५० मि.ग्रा.(१।२ तोला)
व्यास	२३.५ मि.मि.
सिरेशन	भएको
अधिकतम निष्काशन थान	१० हजार

<u>चाँदीको सिक्काको स्पेशिफिकेशन</u>

दर	रु.३५०।
शुद्धता	९९९ टच
तौल	२३.३२ ग्राम ±१५० मि.ग्रा.(२ तोला)
व्यास	३३ मि.मि.
सिरेशन	भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

अधिकतम निष्काशन थान ५० हजार

दक्षिण एशियामा अवस्थित ७ राष्ट्रहरुको पारस्परिक सहयोग कायम गर्ने उद्देश्य अनुरुप १९८५ मा स्थापना भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SAARC)को तेश्रो शिखर सम्मेलन २०४४ (सन् १९८७) सालमा नेपालमा सम्पन्न भएको थियो ।

सार्कको तेश्रो शिखर सम्मेलनको अवसर पारेर बैंकले तीन किसिमका सिक्का (असर्फी, चाँदी र तामा) र तीन किसिमका मेडालियन Singapore Mint, Singapore मा टकमरी गराई निष्काशन गरेको थियो ।

सिक्कातर्फ निष्काशन गरिएका असर्फीमा असर्फी र सिक्कामा सिक्काको दर अङ्कित गरिएको छ भने मेडालियनतर्फ निष्काशित असर्फी तथा सिक्कामा असर्फी तथा सिक्काको दर उल्लेख गरिएको छैन ।

<u>सिक्कातर्फ निष्काशित सिक्काको स्पेशिफिकेशन</u>

असर्फी		चाँदीको सिक्का		तामाको सिक्का	
दर	असर्फी	दर	रु.३००।	दर	रु.५।
तौल	१५ ग्राम	तौल	२५ ग्राम	तौल	२० ग्राम
व्यास	२८.५ मि.मि.	व्यास	३८.७ मि.मि.	व्यास	३८.७मि.मि
शुद्धता	९० प्रतिशत सुन	शुद्धता	९२.५ प्रतिशत	शुद्धता	९५ प्रतिशत
सिरेशन	भएको	सिरेशन	भएको	सिरेशन	भएको

सिक्कातर्फ निष्काशित सिक्काको अग्रभाग परम्पराअनुसार नै रहेको छ भने पृष्ठभागको लोगो निम्नअनुसार रहेको छ :



चाँदीको सिक्काको पृष्ठभाग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

आधुनिक नेपाली राष्ट्रिय मुद्रा

मेडालियनतर्फ निष्काशन गरिएको मेडालियनको अग्रभाग परम्परागत रुपमा नरही सम्मेलनस्थल नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान भवनको आकृति अङ्कित छ। मेडालियनतर्फ पनि सुन, चाँदी र तामा धातुको प्रयोग गरिएको छ।

मेडालियनको डिजाइन निम्नानुसार रहेको छ :

अग्रभाग



पृष्ठभाग

मेडालियनको स्पेशिफिकेशन

	सुन	चाँदी	तामा
व्यास	३३ मि.मि.	५० मि.मि.	५० मि.मि.
तौल	३० ग्राम	५० ग्राम	५० ग्राम
शुद्धता	९० प्रतिशत	९२.५ प्रतिशत	९५ प्रतिशत

वि.सं.१९९४ मा स्थापित नेपालको सबभन्दा पुरानो बैंक **नेपाल बैंक लिमिटेडले** आफ्नो स्वर्ण जयन्ती (२०४४) मनाउने शिलशिलामा चाँदीको स्मारिका सिक्का निष्काशन गर्न अनुरोध गरेबमोजिम बैंकले नेपाल बैंकको लोगो अङ्कित रु.५००। दरको सिक्का निष्काशन गरी बिक्री वितरण गरेको थियो। सिक्कामा लक्ष्मीको आकृति अङ्कित भएर होला, हालसम्म निष्काशित स्मारिका सिक्कामा सबभन्दा बढी माग भएको सिक्का यो नै थियो। यो सिक्काको अग्रभाग परम्परा अनुसार नै रही साल मात्र २०४४ रहेको छ भने पृष्ठभाग निम्न अनुसार रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

आधुनिक नेपाली राष्ट्रिय मुद्रा

पृष्ठभाग

<u>रु.५००। दरको सिक्काको स्पेशिफिकेशन</u>

दर	रु.५००।
शुद्धता	९२.५ प्रतिशत चाँदी ±१ प्रतिशत
तौल	३५ ग्राम ±१ प्रतिशत
व्यास	४० मि.मि.
सिरेशन	१५०
अधिकतम निष्काशन थान	१० हजार

<u>नेपाल रेडक्रस सोसाइटी</u>ले २०४५ सालमा आफ्नो रजत जयन्ती मनाउने शिलशिलामा स्मारिका सिक्का निष्काशन गर्न बैंकलाई अनुरोध गरेबमोजिम बैंकले रु.२५०। दरको चाँदीको स्मारिका सिक्का निष्काशन गरी चलन-चल्तीमा ल्याएको थियो । जसको अग्रभाग परम्परागत रही निष्काशन साल मात्र २०४५ राखिएको छ भने पृष्ठभागको डिजाइन निम्नअनुसार रहेको छ ।

पृष्ठभाग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

आधुनिक नेपाली राष्ट्रिय मुद्रा

स्पेशिफिकेशन

सिक्काको दर	रु.२५०।
तौल	१८ ग्राम
व्यास	३६ मि.मि.
धातु	९२.५ प्रतिशत चाँदी, ७.५ प्रतिशत अन्य
सिरेशन	भएको
मिश्रण घटी-बढी	±१ प्रतिशत
तौल घटी-बढी	±२०० मि.ग्रा.
अधिकतम निष्काशन थान	१० हजार

श्री ५ मुमा बडामहारानी रत्नराज्य लक्ष्मी देवी शाह सरकारको शुभ हिरक जन्मोत्सवको महान् अवसरमा बैंकले रु.६००। दरको सिक्का Singapore Mint मा टकमरी गराई निष्काशन गरेको थियो। यस स्मारिका सिक्काको अग्रभाग परम्परा अनुसार नै रही साल मात्र २०४५ अङ्कित गरिएको छ भने पृष्ठभाग निम्नानुसार रहेको छ।

पृष्ठभाग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

आधुनिक नेपाली राष्ट्रिय मुद्रा

स्पेशिफिकेशन (सिक्काको विवरण)

दर	६००।
धातु	शुद्ध चाँदी ९९९ टच
व्यास	३८.७ मि.मि.
तौल	३१.१ ग्राम ±०.१
सिरेशन	भएको
अधिकतम निष्काशन थान	१० हजार

नेपाल राष्ट्र बैंकले २०४५ सालमा हिम चितुवाको तस्वीर अङ्कित सुनका असर्फी तथा चाँदीको सिक्का Singapore Mint बाट टकमरी गरी निष्काशन गरेको थियो । हिम चितुवाको तस्वीर अङ्कित विभिन्न तौलका असर्फी ४ प्रकारका र रु.१०००। दरको चाँदीको सिक्का निष्काशन गरेको थियो । चाँदीको सिक्काको विक्री मूल्य रु.२,१७०। (बट्टा समेत) कायम गरिएको थियो । नेपाली सिक्काको इतिहासमा सबैभन्दा ठूलो दरको चाँदीको सिक्का निष्काशन गरेको यो नै प्रथम पटक हो ।

उपरोक्त असर्फी र सिक्काको अग्रभाग परम्परागत विवरणमा नै रही साल मात्र २०४५ राखिएको छ । असर्फीतर्फ निष्काशित १ औंस, १/२ औंस, १/४ औंस र १/१० औंसको पृष्ठभागको डिजाइनमा तौल मात्र फरक भई अन्य विवरण समान रहेको छ ।

असर्फीतर्फ पृष्ठभाग

चाँदीतर्फ पृष्ठभाग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

आधुनिक नेपाली राष्ट्रिय मुद्रा

स्पेशिफिकेशन (असर्फीतर्फ)

दर	असर्फी	दर	असर्फी
तौल	१ औंस	तौल	१/२ औंस
व्यास	३२.५ मि.मि.	व्यास	२७ मि.मि.
सिरेशन	भएको	सिरेशन	भएको
अधिकतम निष्काशन थान		अधिकतम निष्काशन थान	
अनसर्कूलेटेड	१० हजार	अनसर्कूलेटेड	८ हजार
प्रूफ क्वाइन	२, हजार	प्रूफ क्वाइन	२ हजार

दर	असर्फी	दर	असर्फी
तौल	१/४ औंस	तौल	१/१० औंस
व्यास	२१.९५ मि.मि.	व्यास	१७.९५ मि.मि.
सिरेशन	भएको	सिरेशन	भएको
अधिकतम निष्काशन थान		अधिकतम निष्काशन थान	
अनसर्कूलेटेड	८ हजार	अनसर्कूलेटेड	१० हजार
प्रूफ क्वाइन	२ हजार	प्रूफ क्वाइन	२ हजार

चाँदीको सिक्काको स्पेशिफिकेशन

दर	रु.१०००।
तौल	५ औंस
धातु	९९९ टच चाँदी
व्यास	६५ मि.मि.
सिरेशन	भएको
अधिकतम निष्काशन थान	१५ हजार

श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेवको उमेर पुगिबक्सेको (२०२८-२०४६) विशेष अवसरमा बैंकले रु.५००। दरको चाँदीको स्मारिका सिक्का निष्काशन गरेको थियो । यस सिक्काको अग्रभाग परम्परागत विवरणमा नै रही साल मात्र २०४६ अङ्कित गरिएको छ भने पृष्ठभाग निम्न अनुसार रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

आधुनिक नेपाली राष्ट्रिय मुद्रा

पृष्ठभाग

<u>स्पेशिफिकेशन</u>

दर	रु.५००।
धातु	शुद्ध चाँदी
व्यास	३८.७ मि.मि.
तौल	३१.१ ग्राम
सिरेशन	भएको
अधिकतम निष्काशन थान	५ हजार

<u>श्री ५ मुमा बडामहारानी रत्नराज्य लक्ष्मी देवी शाह सरकार</u>को ६२ औं शुभ जन्मोत्सव तथा **<u>नेपाल बाल संगठन</u>**को रजत जयन्तीको उपलक्ष्यमा श्री ५ को सरकारको स्वीकृतिबमोजिम बैंकले रु.२५०। दरको चाँदीको स्मारिका सिक्का निष्काशन गरी प्रचलनमा ल्याएको थियो । यो सिक्काको अग्रभाग पुरानै ढाँचामा रही साल मात्र २०४६ अङ्कित छ भने पृष्ठभागको डिजाइन निम्न अनुसार रहेको छ ।

पृष्ठभाग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

आधुनिक नेपाली राष्ट्रिय मुद्रा

सिक्काको स्पेशिफिकेशन

दर	रु.२५०।
तौल	१८ ग्राम ±२०० मि.ग्रा.
व्यास	३६ मि.मि. ±०.१ मि.मि.
धातु	९२.५ प्रतिशत चाँदी, ७.५ प्रतिशत अन्य
धातु मिश्रण घटी-बढी	१ प्रतिशत
सिरेशन	भएको
अधिकतम निष्काशन थान	१० हजार

नेपालमा २०४६ सालमा भएको जनआन्दोलनको फलस्वरुप प्राप्त प्रजातान्त्रिक संविधान लागू भएको उपलक्ष्यमा बैंकले नेपाल अधिराज्यको संविधान २०४७ अङ्कित १० ग्राम, ५ ग्राम र २.५ ग्रामका असर्फीका अतिरिक्त चाँदीको रु.३००। र रु.५। को सिक्का निष्काशन गरेको थियो ।

नेपाल अधिराज्यको संविधान २०४७ को पुस्तक अङ्कित लोगो राखी निष्काशन गरिएको असर्फी तथा सिक्काको अग्रभाग परम्परागत ढाँचामा नै रहेको छ भने पृष्ठभागको डिजाइन निम्नअनुसार रहेको छ ।

असर्फीतर्फ पृष्ठभाग

नेपाल राष्ट्र बैंकबाट टकमरी भई प्रचलनमा आउने असर्फीमा तौल उल्लेख गर्ने प्रचलन नरहेको हुँदा १० ग्राम, ५ ग्राम र २.५ ग्रामको असर्फीको व्यास (

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

आकार) फरक भएतापनि तीनवटै असर्फीमा उल्लेखित पृष्ठभागको ढाँचा समान रहेको छ ।

स्पेशिफिकेशन (असर्फीतर्फ)

तौल	१० ग्राम ±३० मि.ग्रा.	५ ग्राम ±३० मि.ग्रा.	२.५ ग्राम ±३० मि.ग्रा.
व्यास	२७.५ मि.मि	२३.५ मि.मि.	१९ मि.मि.
धातु	शुद्ध सुन	शुद्ध सुन	शुद्ध सुन
सिरेशन	धर्सो भएको	धर्सो भएको	धर्सो भएको
अधिकतम निष्काशन थान	५ हजार	१० हजार	२५ हजार

यसैगरी, उक्त अवसरमा निष्काशित रु.३००। र रु.५। दरको सिक्कामा पृष्ठ भागमा रु.३०० को ठाउँमा रु.५ र Rs 300 को ठाउँमा Rs 5 उल्लेख गरी अन्य सबै विवरण यथावत् नै छ ।



सिक्कातर्फ पृष्ठभाग

स्पेशिफिकेशन

दर	रु.३००।	रु.५।
तौल	१८ ग्राम ±३०० मि.ग्रा.	८.५ ग्राम
व्यास	३६ मि.मि.	२९ मि.मि.
धातु	९२.५ चाँदी ± १ प्रतिशत	७५ प्रतिशत तामा र २५ प्रतिशत निकेल
सिरेशन	धर्सो भएको	साधा
अधिकतम निष्काशन थान	२५ हजार	५ लाख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

विश्व खाद्य दिवसको १० औं वार्षिकोत्सवको उपलक्ष्यमा सिक्काको माध्यमबाट खाद्यान्नको महत्त्व दर्शाउन सिक्का टकमरी गरी चलन चल्तीमा ल्याउन F.A.O.ले आफ्ना सदस्य राष्ट्रहरुलाई अनूरोध गरेबमोजिम नेपाल राष्ट्र बैंकले पनि २०४७ सालमा भविष्यको लागि खाद्य (Food For The Future) भन्ने नाराअङ्कित रु.५। दरको सिक्का टकमरी गराई प्रचलनमा ल्याएको थियो । जसको अग्रभाग पुरानै शैलीमा रही साल मात्र २०४७ अङ्कित छ भने पृष्ठभाग निम्नानुसार रहेको छ :

पृष्ठभाग

स्पेशिफिकेशन

दर	रु.५।
तौल	८.५ ग्राम
व्यास	२९ मि.मि.
धातु	७५ प्रतिशत तामा, २५ प्रतिशत निकेल
सिरेशन	साधा
अधिकतम निष्काशन थान	१० लाख

२०२२ सालमा स्थापित **राष्ट्रिय वाणिज्य बैंक**ले २०४७ सालमा आफ्नो स्थापनाकालको रजत महोत्सव मनाउने शिलशिलामा स्मारिका सिक्का प्रचलनमा ल्याउनको लागि अनुरोध गरेबमोजिम बैंकले २०४७ सालमा रु.३००। दरको चाँदीको स्मारिका सिक्का प्रचलनमा ल्याएको थियो । यस सिक्काको अग्रभाग पनि पुरानै ढाँचामा रही साल मात्र २०४७ अङ्कित छ भने पृष्ठभागको डिजाइन निम्नानुसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

पृष्ठभाग

रहेको छ :

<u>स्पेशिफिकेशन</u>

दर	रु.३००।
तौल	१८ ग्राम ±३०० मि.ग्रा.
व्यास	३६ मि.मि.
धातु	९२.५ प्रतिशत चाँदी ±१ प्रतिशत
सिरेशन	धर्सो भएको
अधिकतम निष्काशन थान	२० हजार

